**विस्तृत जानकारीका लागि**


गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ४२११२०३, ४२११२४९,
४२११२०५, ४२११२५२, ४२११२५३,
गृह नियन्त्रण कक्ष: ४२११२०८, ४२११२१४
फ्याक्स नं.: ४२११२८६, ४२११२४६, ४२११२५७, ४२११२७७
website: www.moha.gov.np


# गृह मन्त्रालय
# संक्षिप्त परिचय
# २०६९




**सिंहदरवार, काठमाडौ**

# गृह मन्त्रालय
# संक्षिप्त परिचय
# २०६९

**सिंहदरवार, काठमाडौं**

# गृह मन्त्रालय : संक्षिप्त चिनारी

## १. पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी २००८ सालमा गृह मन्त्रालयको स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तनपछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम कर्तव्य र अधिकार कानुनी रुपमा व्यवस्थित गरियो। वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुटयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो ।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न पहिले ७५ वटा जिल्ला प्रशासन कार्यालय र ती कार्यालयको कामकारवाही रेखदेख र नियन्त्रण गर्न १४ वटा अञ्चलाधीश कार्यालय रहेकोमा २०४६ सालको परिवर्तनपछि अञ्चलाधीश कार्यालय

खारेज भए । अञ्चलाधीश कार्यालय खारेजपछि जिल्ला र केन्द्र बीच सन्तुलन कायम गर्न समन्वय र रेखदेख नियन्त्रण गरी शान्ति सुरक्षा लगायत सेवा प्रवाहलाई नजिकबाट अनुगमन गर्न क्षेत्रीय तहको प्रशासनिक निकाय आवश्यक ठानी गृह मन्त्रालय अर्न्तगत ५ वटा क्षेत्रमा मिति २०५८/५/६ देखि क्षेत्रीय प्रशासन कार्यालय स्थापना भएकोमा हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत क्षेत्रीय प्रशासन कार्यालयलाई राखी गृह मन्त्रालयको समन्वयमा सुरक्षासम्बन्धी कार्य गर्ने प्रबन्ध मिलाईएको छ । गृह मन्त्रालय मातहत अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, प्रहरी किताबखाना, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र तथा सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग लगायत क्रियाशील रहेका छन् । जिल्लामा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, अध्यागमन कार्यालय र कारागारहरु सञ्चालित छन् ।

## २. दूरदृष्टि

सार्वभौम, अखण्डता, शान्त, समुन्नत र सुरक्षित नेपाल

## ३. परिलक्ष्य

शान्ति र सुरक्षा, विधिको शासन : सुशासन मूल अभियान, सबैको गृह प्रशासन

## ४. उद्देश्य

४.१ एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति,
४.२ नागरिक सुरक्षाका लागि प्रविधि र पद्धतिकेन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्राप्ति,
४.३ समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट मुक्ति,
४.४ सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान,
४.५ विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन,
४.६ कागजविहीन गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनको विकास तथा प्रभावकारी नियमन,
४.७ **'विकासको जग सुरक्षा'** अवधारणाको स्थापना र विकास,
४.८ सुरक्षा व्यवस्थापनमा जनसहभागिता,
४.९ सक्षम प्रशासन र सुदृढ व्यवस्थापन,
४.१० मानव अधिकारको संरक्षण र सम्बर्द्धन ।

## ५. कार्यक्षेत्र/प्रमुख कार्यहरु

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र देहाय अनुरुप छ :–

- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

- शान्ति, सुव्यवस्था तथा कानुन र व्यवस्था,
- हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण,
- विस्फोटक पदार्थ नियन्त्रण,
- विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
- सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधनको व्यवस्थापन,
- गैरसरकारी संघ, संस्था प्रशासन,
- क्षेत्रीय तथा स्थानीय प्रशासन,
- नागरिकता,
- जनमत सङ्ग्रह,
- आप्रवासन तथा प्रवासन,
- तीर्थस्थान र तीर्थयात्री,
- कल्याण धन र बेवारिसी धन,
- चिट्ठा, जुवा आदिको नियन्त्रण,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् व्यवस्थापन,
- सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
- सार्वजनिक चन्दा सङ्कलनको नियमन र नियन्त्रण;
- अध्यागमन,
- सजायको माफी, मिनाहा तथा परिवर्तन;
- विभूषणसम्बन्धी कार्य,
- शरणार्थी मामिला,
- अञ्चल र जिल्लाको सदरमुकाम तथा सीमाना,
- राष्ट्रिय परिचयपत्र,

- अन्तराष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- सङ्गठित अपराध नियन्त्रण,
- बारुदी सुरुङ्गको निवारण,
- धार्मिक विषय,
- सुपुर्दगी,
- कारागार व्यवस्थापन,
- प्रहरी कल्याण,
- निर्वाचन आयोग,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल,
- राष्ट्रिय अनुसन्धान विभाग,
- प्रहरी कितावखाना,
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## ६. संस्थागत आधारभूत मूल्य

- सुशासन,
- छिटो र प्रभावकारी सेवा प्रवाह,
- मुस्कान सहितको विनम्रतापूर्वक सेवा,
- सेवाप्रवाहमा तटस्थता तथा पारदर्शिता,
- मूल्यमा आधारित नैतिकता,
- विधिको शासन ।

## ७. मुख्य निर्देशक सिद्धान्त तथा कार्यशैली एवं रणनीतिक लक्ष्यहरु

### ७.१ निर्देशक सिद्धान्त

- आम जनतामा शान्ति र सुरक्षाको प्रत्याभूतिका साथै प्रभावकारी गृह प्रशासनको सञ्चालन
- नेपाली नागरिकहरुलाई राष्ट्रिय पहिचानको प्रबन्ध
- शासनमा स्थानीय जनताको सहभागिताको अवधारणा अनुरुप क्षेत्रीय तथा स्थानीय प्रशासनको प्रभावकारी सञ्चालन ।

### ७.२ कार्यशैली

- छिटो छरितो,
- सहभागितामूलक,
- समावेशी,
- नतिजा केन्द्रित,
- पद्धति र प्रविधि केन्द्रित ।

### ७.३ रणनीतिक लक्ष्यहरु

#### ७.३.१ उद्देश्यः- एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति

**रणनीतिक लक्ष्यः-**

- नागरिकको सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई समन्वयात्मक रुपमा परिचालन गर्ने,

- सबै सुरक्षा निकायको पेशागत दक्षता अभिवृद्धि गर्ने,
- गृह प्रशासनमा विधिको शासनलाई पहिलो प्राथमिकतामा राखी जनतालाई सुशासनको प्रत्याभूति दिने,
- क्षेत्रीय र जिल्ला प्रशासनको कार्यमा समन्वय स्थापित गरी समयसापेक्ष सुधार गर्ने,
- नागरिकलाई प्रदान गरिने सुरक्षा एवं सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी रुपमा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग गर्ने,
- नागरिकहरुको सहभागिता जुटाई सामाजिक सुरक्षा व्यवस्था सबल बनाउन स्थानीय जनता र सुरक्षा निकायको समन्वयमा संयुक्त रुपमा सामुदायिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने,
- आर्थिक उद्देश्यले प्रेरित भै विभिन्न आवरणमा गैरकानुनी तथा भूमिगत संगठनका नामबाट क्रियाशील हुने संगठित अपराधको नियन्त्रण गरी समाजलाई भय रहित बनाउने ।

## ७.३.२ उद्देश्यः- नागरिक सुरक्षाका लागि प्रविधि र पद्धतिकेन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्राप्ति

### रणनीतिक लक्ष्यः-

- नागरिकताको अभिलेखलाई राष्ट्रिय अभिलेखमा राख्ने प्रणाली विकसित गरी सञ्चालनमा ल्याउने,
- ऐन कानून नियम निर्देशनको पूर्ण कार्यान्वयन गरी पद्धतिमा जोड दिने,

- राष्ट्रिय परिचयपत्रको अवधारणालाई क्रमश : लागु गर्ने,
- सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आवद्ध गर्ने,
- सुरक्षा प्रणालीलाई प्रविधिमा आबद्ध गराउँदै जाने,
- प्रशिक्षण र क्षमता अभिवृद्धिद्वारा पेशागत विशिष्ठतामा अभिवृद्धि गर्दै जाने ।

### ७.३.३ उद्देश्यः- समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट मुक्ति

**रणनीतिक लक्ष्य :-**

- गृह मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यलाई सूचना प्रविधिको राष्ट्रिय सञ्जालमा आवद्ध गरी व्यवस्थित गर्ने,
- सामाजिक विकृतिका रुपमा समाजमा रहेका गैरकानुनी क्रियाकलापहरुलाई नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने,
- लागु औषधको माग घटाउन तथा क्षति न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सरकारी तथा गैरसरकारी निकाय-हरुसँग समन्वय गरी गर्ने,
- लागु औषधको अवैध उत्पादन बिक्री वितरण एवं ओसार पसारलाई कडाइका साथ नियन्त्रण गर्ने,
- मानवीय सुरक्षाका सबै अवधारणा र मापदण्डलाई कार्यान्वयनद्वारा स्थापित गर्दै जाने ।

## ७.३.४ उद्देश्यः- सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, साँस्कृतिक र धार्मिक सदभावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान

### रणनीतिक लक्ष्यः-

- सामाजिक सद्भाव, जातीय एवं धार्मिक सहिष्णुता र नेपालको मौलिक सांस्कृतिक विविधता अनुकूल सुरक्षामैत्री वातावरण निर्माण गर्ने,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिक अक्षुण्णताको संरक्षण र प्रबर्द्धन गर्ने उद्देश्य अनुरुप आन्तरिक शान्ति र सुव्यवस्था कायम गर्ने ।

## ७.३.५ उद्देश्यः- विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन

### रणनीतिक लक्ष्यः-

- विपद् व्यवस्थापनका क्षेत्रमा एकीकृत र समन्वयात्मक व्यवस्था कायम गर्न नियामक निकायका रुपमा सक्षम संयन्त्रको स्थापना गर्ने,
- विपद् व्यवस्थापनका सन्दर्भमा जोखिम न्यूनीकरण पूर्वतयारी, प्रतिकार्य, र पुनःलाभका कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संघ-संस्था एवं निकाय-हरुबीच प्रभावकारी समन्वय कायम गर्ने,
- पाँचै विकास क्षेत्र र ७५ वटै जिल्लाहरुमा आपतकालीन कार्य संञ्चालन केन्द्र स्थापना गरी राष्ट्रिय आपतकालीन केन्द्रसँग संजाल स्थापना गर्ने ।

### ७.३.६ उद्देश्यः- कागजविहीन गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनको विकास तथा प्रभावकारी नियमन

**रणनीतिक लक्ष्यः-**

- अध्यागमनका क्षेत्रमा बढ्दो कार्यचापलाई व्यवस्थित गर्न परम्परागत कार्यपद्धतिको सट्टा सूचना प्रविधिमा आधारित कार्यविधि लागु गर्ने,
- अध्यागमन सम्बन्धी विद्यमान कानुनमा पुनरावलोकन गरी समयसापेक्ष ऐन, नियम र विधिको निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- गृह प्रशासन, सुरक्षा व्यवस्थापन र अध्यागमनलाई पहिलो चरणमा कम कागजयुक्त र दोस्रो चरणमा कागजविहीन कार्यसम्पादन योग्य बनाउने गरी कार्यक्रम सञ्चालन गर्ने ।

### ७.३.७ उद्देश्यः-'विकासको जग सुरक्षा' अवधारणाको स्थापना र विकास

**रणनीतिक लक्ष्यः-**

- नैसर्गिक नागरिक अधिकारको प्रयोग, सामाजिक सुरक्षाको प्रत्याभूति र नागरिकले कानुनबमोजिम सञ्चालित व्यवसायको निर्वाध सञ्चालन हुने सुरक्षा वातावरण निर्माण गर्ने,
- सामुदायिक सुरक्षाको व्यवस्थालाई अभियानको रुपमा सञ्चालन गर्ने,
- मजबुत सुरक्षा प्रणाली नै विकासको अनिवार्य आधार भएकोले तदनुरुप व्यवसायिक सुरक्षा प्रणालीको विकास गर्ने ।

- अति संवेदनशील एवं महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको सुरक्षा प्रबन्ध मिलाउने ।

### ७.३.८ उद्देश्य:- सुरक्षा व्यवस्थापनमा जनसहभागिता

**रणनीतिक लक्ष्य:-**

- शान्ति र व्यवस्था कायम गर्ने कार्यमा जनसहभागिता वृद्धि गरी गाउँ टोललाई भय रहित बनाउने,
- सर्वसाधारणको सहभागितामा सुरक्षा जनचेतना अभियान सञ्चालन गर्ने,
- सामुदायिक प्रहरीमा विशेष जोड दिने र प्रहरीलाई जनतामैत्री तथा जनतालाई प्रहरीमैत्री बनाउने ।

### ७.३.९ उद्देश्य:- सक्षम प्रशासन र सुदृढ व्यवस्थापन

**रणनीतिक लक्ष्य:-**

- क्षेत्रदेखि गाउँ तहसम्म सरकारको दह्रो उपस्थिति स्थापित गर्ने,
- विकृति, विसंगति र सबै प्रकारका अपराधलाई कठोरतापूर्वक नियन्त्रण गर्ने,
- राष्ट्रिय सुरक्षामा असर पुऱ्याउने तत्व उपर निर्ममतापूर्वक प्रस्तुत हुने,
- शान्ति सुरक्षामा असर पुऱ्याउने कुनै पनि व्यक्ति, समूह र संस्थालाई छुट नदिने,
- अपराध नियन्त्रणमा सहयोग पुग्ने प्रविधि प्रयोगमा प्राथमिकता दिने,
- सबै प्रकारका दण्डहीनता अन्त्य गर्ने र दोषीलाई कानुनको दायरामा ल्याउने ।

### ७.३.१० उद्देश्य:- मानव अधिकारको संरक्षण र सम्वर्द्धन

**रणनीतिक लक्ष्य:-**

- मानव अधिकार शिक्षालाई अभियानका रुपमा विस्तार गर्ने,
- सुरक्षाका विभिन्न तहमा मानव अधिकार इकाई स्थापना र विकास गर्ने,
- मानव अधिकार उल्लंघनकर्तालाई कानुनको दायरामा ल्याई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै जाने,
- मानव अधिकार घोषणा र अभिसन्धिप्रतिको प्रतिवद्धतालाई कार्यरुप प्रदान गर्ने ।

## ८. कार्यक्रम तर्जुमा र कार्यान्वयन

गृह मन्त्रालयले अवलम्बन गरेका उद्देश्य, ती उद्देश्य अन्तर्गतका रणनीतिक लक्ष्यका अधीनमा रही वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।

## ९. मुख्य कानून र नीतिहरु

### ९.१ मुख्य ऐन, नियमहरु

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- दैवी प्रकोप उद्धार ऐन, २०३९
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- विभूषण ऐन, २०६४
- नेपाल नागरिकता नियमावली, २०६३

- विभूषण नियमावली, २०६४
- हातहतियार तथा खरखजाना ऐन, २०१८

## ९.२ नीति तथा रणनीतिहरु

- लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- लागु औषध नियन्त्रण रणनीति, २०६६
- विशेष सुरक्षा कार्यक्रम, २०६६
- सानो हतियार नियन्त्रण कार्ययोजना, २०६८
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८

## ९.३ निर्देशिका, मार्गदर्शन, मापदण्ड, कार्यविधि र आचारसंहिताहरु

- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- लागु औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७
- विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- प्रहरी आचारसंहिता, २०६५
- राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०६६

- विभूषण सिफारिस तथा प्रदान सम्बन्धी कार्यविधि, २०६७
- विदेशीसँगको भेटघाट सम्बन्धी निर्देशिका, २०६८

## १०. सांगठनिक संरचना र दरबन्दी

मन्त्रालयमा माननीय उपप्रधानमन्त्री/मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, चार महाशाखा र सो अन्तर्गत अठार वटा शाखा/एकाइहरु रहेका छन् । प्रत्येक महाशाखामा सहसचिव र शाखा/एकाइहरुमा उपसचिव रहने व्यवस्था छ । गृह मन्त्रालय अन्तर्गतको कुल दरबन्दी संख्या ९७ हजार ४६ रहेको छ जसमध्ये निजामती सेवातर्फ ३ हजार ७०७ र सुरक्षा निकायर्फ ९४ हजार ६८६ कार्यरत रहेका छन् ।

## गृह मन्त्रालयको संगठन तालिका

